# स्थानीय राजपत्र

## बुलिङटार गाउँपालिकाद्वारा प्रकाशित

खण्ड (०९) बुलिङटार -०३ , नवलपरासी ( ब.सु.पू) , २०८२ चैत्र २७ ( संख्या १६ )

भाग २

बुलिङटार गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/१२/२७

प्रमाणीकरण मिति : २०८२/१२/२७

# भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावनाः** कृषि व्यवसायलाई दिगो र उत्पादनशील बनाउन गुणस्तरीय प्राङ्गारीक वस्तुहरुको आवश्यकता अनिवार्य रहेको हुन्छ। माटोको उर्वराशक्ति कायम गर्दै कृषि क्षेत्रको दिगो विकास गरी खाद्यान्न, तरकारी लगायत विभिन्न वालीहरुमा आत्मनिर्भर बन्न चुनौतिपुर्ण रहेको र यसको चुनौती सामना गर्न विरुवालाई आवश्यक खाद्यतत्व पर्याप्त मात्रामा पूर्ति गर्न प्राङ्गारिक र रासायनिक मल मुख्य श्रोतको रुपमा रहेको छ ।वर्षेनी कृषकहरुलाई रासायनिक मल समयमा उपलब्ध नहुनु,उपलब्ध भएपनि महंगो पर्ने भएकोले यस बुलिङटार गाउँपालिकाले भकारो सुधार कार्यक्रम मार्फत स्वास्थ्यमा सुधार, गुणस्तरीय प्राङ्गारिक मल उत्पादन, स्वच्छ दुध उत्पादन गरी दिगो रुपमा माटोको कायम राख्न तथा वातावरणीय सरसफाईमा सकारात्मक परीवर्तन ल्याउने उदेश्यले बुलिङटार गाउँपालिकाले भकारो सुधार संचालन कार्यविधि,२०८२ तयार गरी जारी गरेको छ।

## परिच्छेद एकः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१)यो कार्यविधिको नाम "भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "पालिका" भन्नाले बुलिङटार गाउँपालिका, नवलपरासी बर्दघाट सुस्ता पूर्व जिल्ला सम्झनुपर्छ ।

(ख) "पालिकाको कार्यक्षेत्र भन्नाले गाउँपालिकाको भौगोलिक क्षेत्रलाई सम्झनुपर्छ ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिकालाई सम्झनुपर्छ ।

(घ) "कार्यविधि" भन्नाले बुलिङटार गाउँपालिकाको भकारो सुधार कार्यक्रम संचालन कार्यविधि २०८२ लाई सम्झनु पर्दछ।

(ङ) "समिति" भन्नाले कार्यविधिको दफा १२ बमोजिमको गठन हुने वडा समितिलाई सम्झनु पर्दछ।

(च) "वडा" भन्नाले बुलिङटार गाउँपालिकाको वडालाई सम्झनुपर्दछ।

(छ)"कृषि विकास शाखा/पशु विकास शाखा" भन्नाले बुलिङटार गाउँपालिकाको कृषि विकास शाखा/पशु विकास शाखालाई सम्झनु पर्दछ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

कार्यक्रम संचालनको उदेश्यः

- गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङ्गारिक उत्पादनलाई जोड दिने।
- रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।
- दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुर्याउने ।
- पशु वस्तुको स्वास्थ्यमा सुधार ल्याउन ।
- स्वच्छ दुध उत्पादन गर्ने ।
- दिगो रुपमा माटोको उर्वरा शक्ति कायम राख्ने ।
- वातावरणीय सरसफाईमा सकाराक्षक परिवर्तन ल्याउने ।

## परिच्छेद-२

## कार्यक्रम संचालन प्रकृया

४.कार्यक्रम संचालन गरिने वडाहरुः बुलिङटार गाउँपालिकाका सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ। कृषकहरुलाई कार्यक्रमको बारेमा जानकारी दिन कृषि विकास शाखाले आवश्यकता अनुसार सुचना प्रकाशन गर्ने छ उक्त सुचना बुलिङटार गाउँपालिकाको सूचना पाटी तथा सबै वडा कार्यालयमा पठाईनेछ।

५.कार्यक्रम संचालन गरीने वडा तथा समुह छनोटः गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम र गाउँपालिकाले गरेको सुचनाअनुसार कृषक समुहले गरेको प्रस्तावको आधारमा दफा १२ बमोजिमको समितिले पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी वडा तथा समुहको छनोट गर्नेछ।

६.कार्यक्रम संचालनको लागि कृषक छनौटका आधार र संचालन प्रकृया देहाय बमोजिम हुनेछः-

क.कार्यक्रम सञ्चालनका लागि कृषक /कृषक समुह/सहकारीको गाउँपालिका स्तरिय कृषि विकास समितिले छनौट गर्नेछ ।

ख.घरधुरी छनौट गर्दा पयुपातन [पालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम संचालन गरीनेछ , साथै कृषकले २ वटा (भैंसि वा गाईगोरु ) पालेको हुनुपर्नेछ।

ग. एउटै व्यक्ति वा समुहलाई दोहोरो पर्ने गरी अनुदान वा सुविधा दिईनेछैन।

घ. छनौट भएका घरधुरीको जानकारी समितिले सुचना पाटीमा टाँस गर्नेछ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

ङ. भकारो सुधार गर्न चाहने कृषकको संख्या लक्ष्य भन्दा बढी भएमा दलित, जनजाती, अपाङ्ग, न्युन आयस्तर, लोपोन्मुखलाई प्राथमिकता दिई समितिले सिफारिस गरे बमोजिम कार्यक्रम संचालन गरीनेछ।

७. फोकल व्यक्ति ( Focal Person ) : भकारो सुधार कार्यक्रमलाई प्रभावकारी बनाउन र आवश्यक प्राविधिक सहयोग गर्न गाउँपालिकाले कृषि/पशु विकास शाखाको एक जना प्राविधिक कर्मचारीलाई फोकल व्यक्तिको रुपमा तोक्न सक्नेछ।

८. न्युनत्तम मापदण्ड पुरा हुनपर्नेः

क)भकारो सुधार गर्दा कम्तिमा २ (दुई) वटा पशुका लागि गहुत नचुहिने गरी पक्की गर्नु पर्ने,

ख)गहुँत संकलन टयाङ्कीको व्यवस्था हुनुपर्ने,

ग)भकारो/मलखाद फ्याँक्ने खाडललाई घामपानी बाट जोगाउनको लागि उचित व्यवस्थापन गर्नुपर्ने छ

९. अनुदान रकमको व्यवस्थाः वडाबाट छनौट भएंका कृषक समुहलाई मुल्याङ्कन गरि प्रति भकारो सुधारका लागि रु २०,००० । - (दश हजार मात्र) मा नबढ्ने गरि थप ५०% बढी काम गर्ने गरि रु २०,०००।--(बीस हजार मात्र) अनुदान रकम उपलब्ध गराईनेछ । उक्त रकम सम्बन्धित व्यक्तिको बैंक खाता मार्फत उपलब्ध गराईनेछ ।

१०. अनुदान दिईने रकम प्रवाहको व्यवस्थाः भकारो सुधार कार्यक्रम सम्पन्न भएपछि सम्बन्धित प्राविधिकले सो को गुणस्तर निरीक्षण गरी शाखाले प्रतिवेदन पेश गरेपछि कृषकलाई गाउँपालिकाले अनुदान उपलब्ध गराउनेछ।

११. कार्यक्रम अनुगमनको व्यवस्थाः कार्यक्रमको नियमित अनुगमन बुलिङटार गाउँपालिकाको कृषि विकास/ पशु विकास शखाले गर्नेछ र अनुगमन खर्चको व्यवस्था गाउँपालिकाले गर्नेछ।

१२. कार्यक्रम व्यवस्थापन समितिको गठनः सम्बन्धिंत वडाको वडा अध्यक्षको संयोजकत्वमा देहाय वमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछ ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष -संयोजक

ख) आर्थिक प्रशासन शाखा - सदस्य

ग) वडाको कृषि र पशु प्राविधिक - सदस्य

घ) प्राविधिक शाखा - सदस्य

ङ) पशु शाखा प्रमुख - सदस्य सचिव

समितिमा आवश्यकता अनुसार अन्य शाखा , व्यक्तिलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रित गर्न सक्नेछ ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

१३. समितिको काम, कर्तव्य र अधिकारः समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) लाभग्राहीको छनौट गर्ने ,

क) प्रकाशित सुचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,

ख) लाभग्राहीको छनौट गर्ने

ग) कार्यक्रम सम्झौता गरी कार्यान्वयनकको चरण लैजाने,

१४. कार्यक्रम संचालन विधिः

१) आवेदन पेश गर्नको निम्ति, सार्वजनिक सूचना अनुसूची १ अनुसार प्रकाशन गरिनेछ।

२) स्थलतग अनुगमन तथा सम्बन्धित प्राविधिकले पेश गरेको प्रतिवेदनको आधारमा/छनौट समितिले कार्यक्रम छनौट गर्नेछ।

३) छनौट भएका कृषक, फर्म र सहकारी संग सम्झौता गरी कार्यान्वयन गरिनेछ।

१५. कार्यक्रम संचालन गरिने वडाहरुः बुलिङटार गाउँपालिकाका सबै वडाहरुमा यो कार्यक्रम संचालन गरिनेछ।

१६. कार्वाहीको व्यवस्थाः प्रस्ताव स्वीकृत भएका युवा कृषकहरुले स्किम र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाईएमा प्रचलित ऐन, नियम तथा कानुन वमोजिम कारवाही गरी सरकारी रकम असुल उपर गरिनेछ।

डं. दिपक पुजारी
अध्यक्ष

परिच्छेद-३

अनुगमन तथा मुल्याङ्कन

१७. क्वार्यक्रम अनुगमनको व्यवस्थाः संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गाउँपालिका, वडा कार्यलय, कृषि विकास शाखा, पशु विकास शाखाले गर्नसक्नेछ।

१८. निर्देशन दिन सक्नेः कार्यक्रम सम्बन्धमा बुलिङटार गाउँपालिकाले आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

१९. बाधा अड्काउ फुकाउनेः यस कार्यविधिमा -कुने/ अस्पष्टता एवं दुविधा उत्पन्न भएमा गाउँ कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ।

२०. थपघट र हेरफेर गर्न सक्नेः

- यो कार्यविधि कार्यान्वनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले/ आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा संशोधन गर्नेसक्नेछ।
- यस कार्यविधिको कार्यान्वनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्यख्या गर्न सक्नेछ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

अनुसूची-१.

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आव्हान सम्बन्धी सुचना

प्रथम पटक प्रकाशित सुचना मितिः

बुलिङटार गाउँपालिका पशुपन्छी सेवा शाखा अन्तर्गत वडा नं ............. आ.व को वार्षिक स्विकृत कार्यक्रम " **भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२**" अनुसार किसानहरुको लागि ५० प्रतिशत साझेदारी अनुदानमा तपशीलका कार्यक्रमहरु सन्चालन हुने भएकोले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र रीतपुर्वक आवेदन दिनुहुन यो सुचना प्रकाशित-गरिएको छ।

तपशिल :

| क्र.स | संचालन गरिने कार्यक्रम | पालिका अनुदान | कैफियत |
|---|---|---|---|
| १ | भकारो सुधार कार्यक्रम | ५० % | कार्यविधि अनुसार । |

आवश्यक कागजातहरु :

१. अनुसूची -२ को आवेदन फाराम

२. सम्बन्धित वडाको सिफारिस।

३.जग्गा धनि प्रमाणपत्र /तिरो तिरेको रसिद

५.अन्य प्रमाणित पत्रहरु

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

.................................

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसुचि- २

निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू                                                मितिः

बुलिङटार गाउँपालिका ,

नवलपरासी ब.सु.पू , गण्डकी प्रदेश

विषयः भकारो सुधार कार्यक्रममा सहभागी गराईदिने बारे।

प्रस्तुत विषयका सन्दर्भमा बुलिङटार गाउँपालिकाको आ.व. २०..../...: को स्विकृत वार्षिक कार्यक्रम अनुसार मिति २०.../.../... मा प्रकाशित भकारो सुधार कार्यक्रम संचालन गर्ने सम्बन्धि सूचना अनुसार मलाई व्यवस्थापन गर्नको लागि एक वटा भकारो सुधार कार्यक्रम आवश्यक रहेको हुदा सो कार्यक्रममा सहभागी हुन तपशिल अनुसारको विवरण भरी यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु:

१. नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलिपी।

२. सम्वन्धित वडाको सिफारिस।

३. समुह /सहकारीको हकमा माग निर्णयको प्रतिलिपी।

४. कृषि फर्मको हकमा दर्ता-प्रमाणपत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपी।

निवेदक

कृषकको नामः

ठेगानाः

सम्पर्क नं :

दस्तखतः

अनुसुची-३

भकारो सुधार कार्यक्रमको लागि कृषकले बुझाउनु पर्ने फारम

भकारो सुधार कार्यक्रम माग गर्ने कृषकको नामः

ठेगानाः............................ गाउँ/टोल................. वडा नं ........

भकारो सुधार गरिने स्थानः.................. गाउँ/टोल......... वडा नं.........

कृषक कहाँ भएको पशु संख्याः.........भैसी/रागो......... गाई/गोरु.........

कृषकको खेति विवरण

| क.स | जम्मा जग्गाको क्षेत्रफल | सिंचित खेत क्षेत्रफल | बारी क्षेत्रफल | पाखो क्षेत्रफल | खेति नगरिएको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

मुख्य बालिहरुः

कृषक समूह/सहकारी संस्थामा आबद्ध भएको भएको भए नामः

ठेगाना :

मोवाइल न :

भकारो सुधार गर्नुको कारणः

डॉ. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

अनुसुची-४

# भकारो सुधार कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र

बुलिङटार गाउँपालिकाद्वारा कृषि विकास शाखा मार्फत संचालन गरीने चालु आ.व. २०..../२०.... को स्विकृत माटोको उर्वराशक्ति विकास कार्यक्रम (भकारो सुधार) संचालन गर्न बुलिङटार गाउँपालिकका कृषि/पशु विकास शाखा ( भन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा कृषि विकास समितिको बैठकबाट छनौट भएका कृषक श्री/सुश्री/श्रीमती ...............................(यस भन्दा पछि दोस्रो पक्ष भनिने) बिच तपशिल शर्तनामाहरु गरी गराई सम्गन्न गर्न सम्झौता/सहमति भएको छ ।

- पहिलो पक्षले दोस्रो पक्षलाई भकारो सुधारका लागि कार्ययोजना अनुसार सम्वन्धित कृषक/कृषक समूहको खातामा कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा गराउने छ ।
- दोस्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक सह्योग प्राप्त गरी कृषि विकास समितिले निर्णय गरे अनुसारको व्यक्तिगत तथा समुहको निर्णय अनुसारको व्यक्तिगत तथा समूहमा समूहको निर्णय अनुसार निम्न संख्यामा .......... वटा भकारो सुधार गर्नेछ।
- पहिलो पक्षले भकारो सुधार साथै गाई भैसिको पिसाव संकलन गर् नगरेको अनुगममन गर्ने छन र दोस्रो पक्षलर भकारो सुधारलाई माटोको उर्वराशक्ति विकासका लागि उपयोग गर्नुपर्ने छ।
- यस सम्झौतामा उल्लेखित काम गर्दा परि आउन सके कुनै पनि प्राकृतिक प्रकोप भव्पतंव्पको पुर्ण जिम्मेवारी दोस्रो पक्ष स्वयम आफै हुनेछ।
- यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ ।
- सम्झौता गरेको मिति देखि काम सुरु गर्न सकिने र ......................सम्ममा कार्यसम्पन्न गरिसक्नु पर्नेछ ।
- प्रति भकारोको लागि कार्यविधिमा पास भएवमोजिम एकमुस्ट अनुदान कार्य सम्पन्न भएको प्राविधिक मुल्याकन अनुगमन पश्चात भएको विल भरपाइ सम्वन्धित भकारोको पशुसहित पशधंनिको फोटो र सम्पन्न अन्य कागजात पेश भएपछि मात्र भुक्तानि हुनेछ ।
- भकारोको गुणस्तर-कार्यविधिमा उल्लेख भएबमोजिम हुने छ ।

| प्रथम पक्ष | | दोस्रो पक्ष |
|---|---|---|
| बुलिङटार गाउँपालिकाको तर्फबाट | रोहबर | कृषकको तर्फबाट |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| कार्यालयको छाप | | |

इतिसम्बत् २०८३ ....... महिना ......गते रोज ...... शुभम्

ई. दिपेन्द्र सुन
अध्यक्ष

CamScanner

<u>कार्यक्रम व्यवस्थापन समिति</u>

वडा नं : ४
**निर्णय मितिः** ....................
**बैठक संख्याः** ....................

आज कार्यक्रम व्यवस्थापन समितिको लाभग्राही छनौट समितिको बसि "भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८२ " बमोजिम वडा नं. ४ मा सञ्चालन हुने भकारो सुधार कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदान वितरणका लागि प्राप्त निवेदनहरू माथि छलफल गरियो।
कार्यविधिमा उल्लेखित मापदण्ड, प्राथमिकता तथा प्रक्रिया अनुसार प्राप्त निवेदनहरूको अध्ययन, आवश्यकताको आधार तथा स्थलगत अवस्थाको मूल्याङ्कन गरी देहाय बमोजिम लाभग्राहीहरू छनौट गर्ने निर्णय गरियो।
छनौट भएका लाभग्राहीहरूलाई कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गर्न गराउन तथा आवश्यक सम्झौता प्रक्रिया अगाडि बढाउनका लागि कृषि शाखा, बुलिङटार गाउँपालिकामा सिफारिस गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

## लाभग्राही नामावली

| क्र.स | लाभग्राहीको नाम | ठेगाना | टोल | पशु संख्या | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

**( कैफियतमा विपन्न , दलित , एकल महिला लगायतको समावेशी प्रतिनिधित्व उल्लेख गर्नुपर्ने )**

निर्णयः

१अनुदानमा लाभग्राही %४ मा ५० .भकारो सुधार कार्यक्रम सञ्चालन कार्यविधि २०८२ बमोजिम वडा नं . छनौट गरियो।

२छनौट भएका लाभग्राहीहरूको नामावली संलग्न गरी कृषि शाखा ., गाउँपालिकामा सम्झौताको लागि सिफारिस गर्ने निर्णय गरियो।

३कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यक सहजीकरण गर्ने निर्णय गरियो।

उपस्थित सदस्यहरूः हस्ताक्षर

१.वडा अध्यक्ष :
२ सदस्य .:
३ सदस्य .:
४ .लेखा प्रतिनिधि :
५.प्राविधिक प्रतिनिधि
६.कृषि /पशु शाखा प्राविधिक :
७.अन्य प्रतिनिधि :

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner

आज्ञाले ,
विष्णु बहादुर थापा
प्रमुख प्रशासकिय अधिकृत

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

CamScanner